आज मिति २०७७/०८/३० गते दिनको १:०० बजे यस बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको आकस्मिक बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री अल्गु ढांडी | का. वडाअध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दिप पाण्डेय | का. वडाअध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमि न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमि न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. २ | |
| २१ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७७।०८।३० गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यस नगरपालिकाको कार्यलाई सरलीकरणका लागि मस्यौदा कार्यविधिहरू प्रस्ताव भएकोमा देहायका कार्यविधिहरू आवश्यकता अनुरूप अनुकुलन गरी कार्यान्वयनमा ल्याउनेको लागि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

- लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलता सम्बन्धी कार्यविधि-२०७७
- अनुदानमा म्याचिङ प्लस्टिक वितरण कार्यक्रम कार्यविधि -२०७७
- साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि -२०७७
- अतिविपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य /व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी/मौरी/च्याउ/केरा तथा फलफूल खेती) कार्यविधि -२०७७
- विपन्न परिवार मागमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि -२०७७
- साना सिचाई (मोटर तथा पम्पिसेट)मा ७०% अनुदान वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७७
- बुद्धभूमि नगरपालिका भित्र बसोबास गर्ने एकल तथा एकल आश्रित परिवारको उद्यमशिलता सम्बन्धी कार्यक्रम कार्यान्वय कार्यविधि -२०७७
- घर बहाल कर व्यवस्थापन कार्यविधि -२०७७

**प्रस्ताव नं. २ :** खानेपानी योजना तथा लागत सहभागिता सम्बन्धमा।

निर्णयः खानेपानी तथा ढल व्यवस्था विभाग आयोजना व्यवस्थापन कार्यालय रानीपोखरी काठमाण्डौंको च.नं. २८७ मिति २०७७।८।११ को पत्र समेतको आधारमा गोरूसिंगे सहरी खानेपानी तथा सरसफाई आयोजना निर्माणका लागि उपभोक्ताहरूबाट व्यहोर्ने लागत ५% रकम मध्ये नगरपालिकाबाट ३% सम्म व्यहोर्ने Loan Review Mission को Aid Memory 2020 को अनुछेद ९, २२ मा भएको व्यवस्था समेतका आधारमा नगरपालिकाको तर्फबाट प्रतिवद्धताका लागि अनुरोध भई आएकोमा लागत अनुमानको ३% मा नबढने गरी नगरपालिकाबाट उक्त आयोजनाका लागि बजेट व्यवस्था गरी लगानी गर्ने र सो अनुरूप MOU साझेदारी पत्रमा हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अनुमति प्रदान गर्ने निर्णय गरियो। साथै २ नं. वडा कार्यालयको मिति २०७७।०८।२८ गतेको सिफारिस पत्र समेतको आधारमा जयनगर सामुदायिक खानेपानी उपभोक्ता समितिको नाम संशोधन गरी गोरूसिंगें शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति कायम गर्न सहमति दिने र उक्त साबिक जयनगर सामुदायिक खानेपानी उपभोक्ता समितिले विगतदेखि प्रयोग गर्दै आएको कम्पाउण्ड वालभित्रको १० कठ्ठा वा १०६ वर्गमिटर जगामा खानेपानीको लागि थप संरचना निर्माण गर्न समेत सहमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. ३ :** नगरस्तरीय अस्पतालको DPR सम्बन्धमा।

निर्णयः नगरपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणका लागि सातौं नगरसभाबाट बजेट विनियोजन भएकोमा भविष्यमा संघीय सरकारबाट बजेट व्यवस्था हुन सक्ने सम्भावनालाई समेत मध्यनजर गर्दै स्वास्थ्य मन्त्रालयले तयार

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार श्रेष्ठ
नगर प्रमुख

गरेको १५ शैयाको अस्पतालको DPR सम्बन्धी खाका अनुरूप डीपीआरको लागत इस्टिमेट गरी/गराई नगरपालिकाबाट विनियोजित बजेटबाट DPR तयार गर्ने र टेण्डर प्रक्रियाको कार्य गर्न निर्णय गरियो।

**प्रस्ताव नं. ४ :** वडा नं. १ पत्थरकोट भवन भाडा सम्बन्धमा।

निर्णयः वडा नं. १ को पत्थरकोट बजारमा नगरपालिकाको स्वामित्वमा रहेको जगामा निर्माण भएको दुइतल्ले भवन भाडामा लगाउन आवश्यक रहेकोले आवश्यक प्रक्रिया पुरा गरी सूचना आह्वान गरी प्रतिस्पर्धात्मक तरिकाबाट घरभाडामा लगाउने निर्णय गरियो।

**प्रस्ताव नं. ५ :** आठौं नगरसभा (हिउदे अधिवेशन) को मिति सम्बन्धमा।

निर्णयः लुम्बिनी प्रदेश सभाले नगरसभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को परिच्छेद-२ को दफा ३ को उपदफा - १ बमोजिम आठौं नगरसभा (हिउदे अधिवेशन) यही २०७७ साल पौष मसान्त सम्म सम्पन्न गर्नको लागि आवश्यक तयारी व्यवस्था मिलाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ :** सुकुम्बासी दलित/भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धमा।

निर्णयः भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल, काठमाण्डौको च.नं. १८७।०७७।०७८ मिति २०७७।८।१५ को पत्र बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने आवश्यक कार्य अघि बढाउने सन्दर्भमा बुद्धभूमि नगरपालिका र आयोग बीच प्रथम चरणको काम शुरू गर्न समझदारी पत्रमा सम्झौता यही मिति २०७७।०८।२८ गते सम्पन्न भई सकेको हुँदा भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्यविधि २०७७ सम्बन्धमा कार्यपालिकालाई जानकारी गराउनुका साथै उक्त कार्यविधिले तोकिएको काम गर्न कार्यालय व्यवस्थापन/आवश्यक कर्मचारी भर्ना/सहजीकरण समिति गठन लगायतका कार्य गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी मिल्ने शिर्षकबाट व्यवस्थापन मिलाउने निर्णय गरियो।

**प्रस्ताव नं. ७ :** नक्सा अभिलेखीकरणको म्याद थप सम्बन्धमा।

निर्णयः सातौं नगरसभाको निर्णयले मिति २०७७ असोज मसान्तबाट रोकिएको अभिलेखीकरण कार्य जनताको इच्छा, चाहना, आकाक्षालाई आत्मसाथ गर्दै अधिक संख्यामा त्यस्ता घरधनीलाई अभिलेखीकरण गर्न समय उपलब्ध गराउन जरूरी भएको महसुस गरी फागुन मसान्त २०७७ सम्म उक्त कार्य खुल्ला राख्ने र सोको अनुमोदन आगामी आठौं नगरसभाबाट गर्ने व्यवस्था मिलाउने।

**प्रस्ताव नं. ८ :** हाटबजार सञ्चालन तथा ठेक्का व्यवस्थापन सम्बन्धमा।

निर्णयः विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाका कारणले गर्दा यस नगरपालिका मातहतका हाटबजारहरू पनि प्रभावित भै बन्द भएको अवस्थामा स्वास्थ्य मापदण्ड सावधानी अपनाउदै हाटबजारहरू सञ्चालन गर्ने प्रक्रिया अपनाउँदा गतवर्षको कबोल अंक लाई १२ महिनाले भाग गर्दा आउने रकमको बाँकी अवधिको लागि २०७७ माघ

अनिल पोडेल
प्रमुख प्रशासकीय अधिकृत

देशबन्धु कुमार श्रेष्ठ
नगर प्रमुख

१ गते देखि २०७८ आषाढ मसान्त सम्म सोही अनुरूप न्यूनतम अंकलाई अनुकूलित गरी ठेक्का लगाउने निर्णय गरियो।

**प्रस्ताव नं. ९ :** थारू बौद्ध समाज शाखा संचालन गर्न अनुमति पाउँ बारे।
निर्णयः थारू बौद्ध समाजको च.नं. १५ मिति २०७७।०५।२७ को पत्र बमोजिम थारू बौद्ध समाज केन्द्रीय कार्यालय लुम्बिनीले बुद्धभूमि नगरपालिका वडा नं. ९ बरकुलपुरमा थारू बौद्ध समाजको शाखा सञ्चालन गर्न माग भए अनुरूप (बौद्ध शिक्षा, बौद्ध विहार, बौद्ध ध्यान केन्द्र निर्माण कार्यमा नगरपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी तथा प्रचलित कानूनको अधिनमा रही कार्य सञ्चालन गर्ने गरी सहमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. १० :** नदीजन्य निर्माण सामाग्री उपलब्ध गराइदिने सम्बन्धमा।
निर्णयः गौतमबुद्ध विमानस्थल सुदृढीकरण कार्य आयोजना कार्यान्वयन ईकाईको च.नं. २७१, मिति २०७७।६।२५ को पत्र, हुलाकी सडक योजना, कोठी तौलिहवाका लागि शर्मा एण्ड कम्पनी प्रा.लि. का तर्फबाट कुन्द्रा खोलाबाट मिक्स ग्रावेल १०,००० घ.मि. उपलब्ध गराईदिन (लगायतबाट) प्राप्त निवेदनका सम्बन्धमा जानकारी भयो। सो सम्बन्धमा IEE प्रतिवेदन प्राप्ति/ स्वीकृत भएपछि कानूनी प्रक्रिया /विधि /मन्त्रीपरिषदको निर्णय भएको अवस्थामा तोकिएको राजश्व असुली भएमा कार्यपालिकाले निर्णय गरी गर्न सक्ने।

**प्रस्ताव नं. ११ :** प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा।
निर्णयः नगरपालिका स्तरीय निर्देशक समितिको बैठकमा यस अघि छनौट भएका आयोजनाहरू मध्येबाट यस आर्थिक वर्षमा कार्यान्वयन गर्ने भनी निर्णय भएको हुँदा यस वर्षलाई सोही अनुसार गर्ने र बाँकी वडाहरूको योजना आगामी बर्षमा कार्यान्वयनमा ल्याउने गरी अनुमोदन गरियो।

**प्रस्ताव नं. १२ :** जिन्सी प्रतिवेदन सम्बन्धमा।
निर्णयः नगरपालिकाबाट गठित समितिबाट पालिका/वडामा रहेका जिन्सी/सम्पतिको लगत संकलन, प्रमाणिकरण र सुधारका लागि गरिएको सिफारिस समेत जानकारीमा लिदै जिन्सी व्यवस्था प्रभावकारी रूपमा मिलाउने।

**प्रस्ताव नं. १३ :** आय ठेक्का सम्बन्धमा (विज्ञापन तथा क्रेशर उधोग)।
निर्णयः विज्ञपान करको ठेक्का व्यवस्थापनका लागि दोस्रो पटक सम्म सूचना आह्वान गर्दा पनि आवेदन नपरेको अवस्थालाई मध्येनजर गरी दुई बर्षीय ठेक्काका लागि सूचना आह्वान गर्ने तथा क्रेशर उद्योगको लागि तेस्रो पटक सूचना आह्वान गर्ने। साथै ठेक्का बन्दोबस्ती नहुँदा सम्मको लागि नगरपालिकाबाट बैकल्पिक व्यवस्थापन गरी क्रेशर उद्योगबाट निकासी हुने कर संकलन गर्ने निर्णय गरियो।
**प्रस्ताव नं. १४ :** आर्थिक सहयोग सम्बन्धमा।
निर्णयः आगलागीमा परी घर, गोठ, टौवा वा अन्य संरचनामा भएको क्षतिलाई सम्बोधन गर्न त्यस्ता घटनाबाट परेको नोक्सानीलाई सम्बोधन गर्न वडाको सिफारिस, प्रहरी मुचुल्का समेतका आधारमा पाँच हजार विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

अखिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

[...] कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. १५ :** पूर्ण खोप अभियानको निरन्तरताको लागि घरदैलो बस्तुगत सहायता लगायतका कार्यहरू ।
निर्णयः पूर्ण खोप, शुन्य घरमा सुत्केरी लगायत सुरक्षित प्रजनन कार्यक्रमको सचेतीकरण अभियान सञ्चालन वस्तुगत सहायता (जस्तै नून सहयोग, स्वास्थ्यकर्मी लाई तोकिए अनुरूपको खाजा, इन्धन व्यवस्था मिलाई पूर्ण खोप Zero home delivery, सुरक्षित मातृत्वको अभियान विशेषत वडा नं ७, ८, ६, ५ र १० मा स्वास्थ्य संस्था मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :** नागरिक वडापत्र (न.पा/वडा ) तथा Incentive Indicator सम्बन्धमा ।
निर्णयः क) नागरिक वडापत्र तयारी कार्यदल मार्फत प्राप्त वडापत्र खाकालाई संविधान/कानून/प्रत्यायोजित अधिकार र कार्य अनुरूप अनुकूलित गर्न तथा आवश्यक कागजात लगायतका विषयमा सुझाव दिई उक्त सुझाव समेत समाहित गरी अन्तिम रूप दिन कार्यदललाई जिम्मा दिइयो ।
ख) कर्मचारीलाई अभिप्रेरित गर्न कार्यदलले तयार गरेको र सबै शाखा प्रमुखबाट प्राप्त सुझाव समेतलाई अनुकुलित गरी पेश भएको Incentive Indicator हरूका सम्बन्धमा सुझाव र अनुकुलन गर्दै कार्यान्वयन, मुल्याकंन र सुविधा प्रदान गर्ने व्यवस्था मिलाउन नगरपालिकालाई जिम्मा दिइयो ।

**प्रस्ताव नं. १७ :** राजश्व फिर्ता सम्बन्धमा ।
निर्णयः इट्टाभट्टा उद्योगको प्रयोजनका लागि बौद्ध इट्टाउद्योगको लागि आवश्यक पर्ने २७००० क्यू.फिट. माटो निकासीको बापत बुद्धभूमि नगरपालिका वडा नं. १ बस्ने नारायण प्रसाद बन्जाडेले माटो बापत मिति २०७७।०८।०५ गते रू. ८१,०००।- (अक्षरेपी एकासी हजार मात्र) जम्मा गरेकोमा उक्त ठाउँको स्थानीयको अवरोधका कारणले माटो निकासी नगर्न नपाएकोले उक्त रकम निजलाई र मिति २०७७।८।१५ गते रोलर कामको लागि जम्मा गरेको रकमको कार्य नभएको हुँदा (सुवेदीको घर देखि टावर सम्म जाने पिसिसि ढलाई उपभोक्ता समिति ४) लाई रू. ३५००।- (अक्षरेपी तीन हजार पाच सय मात्र) समेतलाई राजश्व फिर्ता दिने साथै राजश्व शाखालाई समेत जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ :** वडाध्यक्षहरूले प्रयोग गरेको मोटरसाइकल वडा कार्यालयको बहुउपयोगमा प्रयोग सम्बन्धमा ।
निर्णयः विगतमा वडा अध्यक्षहरूले प्रयोग गरेका सरकारी मोटरसाइकलहरू वडा कार्यालयको बहुउपयोगमा रहने गरी व्यवस्था मिलाउने । दुरूपयोग भएको ठहरिएमा नगरपालिकाले त्यस्ता मोटरसाइकल विना कुनै सूचना नगरपालिकामा तान्न सक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ :** राजश्व सम्भाव्यता अध्ययन कार्यदल गठन सम्बन्धमा ।
निर्णयः नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका राजश्वका सम्भाव्यता क्षेत्रहरू (थप ताल तलैया, थप हाटबजार, वनजन्य आय घर बहाल करको दायरा विस्तार लगायतका पक्षहरूमा अध्ययन, अनुसन्धान, छलफल, स्थलगत अवलोकन लगायत जो जे गर्नुपर्ने हो गरी ३ महिनाभित्र प्रतिवेदन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमार श्रेष्ठ
नगर प्रमुख

क) उपप्रमुख -संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
ग) आर्थिक विकास समिति संयोजक -सदस्य
घ) नगरपालिकाको इन्जिनियर -सदस्य
ङ) राजश्व शाखा प्रमुख -सदस्य सचिव

विशेष आमन्त्रणका रूपमा नगर प्रमुख र आवश्यकता अनुसार आर्थिक प्रशासन प्रमुखलाई बोलाउने ।

**प्रस्ताव नं. २०:** नदीजन्य पदार्थको IEE सम्बन्धमा ।

निर्णयः नगरपालिकाले खरिद ऐन/नियमावलीको परिधिभित्र रही IEE सम्बन्धी परामर्श कम्पनी छनौट गरेको र उक्त कम्पनीले आवश्यक प्रक्रिया अगाडी बढाएको सन्दर्भमा आवश्यक छलफल, भेला, सुझाव संकलन लगायतका कार्यहरू वडा कार्यालयले सहजीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१:** श्रमनीति तथा सार्वजनिक निजी साझेदारी सम्बन्धी कानून तर्जुमा सम्बन्धमा ।

निर्णयः श्रमनीति तथा सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति/ऐन/नियमको खाका संघसंस्थाको सहयोगमा प्राप्त भएकोमा आगामी आठौं नगरसभामा पारित गर्न आवश्यक अध्ययन/सुझाव लगायतका कार्यहरू विद्येयक तर्जुमा समिति मार्फत आगामी कार्यपालिका हुँदै नगरसभामा पेश गर्न विद्येयक समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं.२२:** व्यवसाय (मदिरा, सुर्ती, चुरोट, खैनी तथा फर्निचर शोरूम) दर्ता/नवीकरण सम्बन्धमा ।

निर्णयः पाँचलाख सम्म पूँजी भएका मदिरा पसल, सुर्ती, चुरोट, खैनी तथा फर्निचर शोरूमहरूको सञ्चालन अनुमति/दर्ता तथा नवीकरण कार्य वडा कार्यालयको रोहवरमा गरिने सर्जमिन सहित वडाको सिफारिस साथै उक्त कार्य गर्दा अन्य, निकायको सिफारिस/सहमित लिनुपर्ने नगरपालिका ठानेमा सो समेत पेश भएपछि मात्र दर्ता/नवीकरण गर्ने र सो को जानकारी सम्बन्धीत निकायमा समय समयमा गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २३:** जोखिम भत्ता सम्बन्धमा ।

निर्यणः PCR test, संस्थागत Isolation Center तथा contract tracing मा खटिने स्वास्थ्यकर्मी तथा Isolation center प्रयोजनका लागि खटिने Ambulance चालक तथा सहयोगी (का.स.) समेतलाई न्यूनतम तलबको शुरू स्केलको ५०% मा नबढने गरी स्वास्थ्य शाखाबाट नामनामेसी सहित प्रमाणित विवरण प्राप्त भएपछि प्रकोप व्यवस्थापन कोषबाट जोखिम भत्ता दिने साथै नेपाल सरकारबाट जोखिम भत्ता बापत बजेट प्राप्त भएमा शोधभर्ना गर्ने ।

**प्रस्ताव नं. २४:** नगरपालिकाको परिसरको सौन्दर्यीकरण तथा अगाडीको अधुरो भवन पुरा गर्ने सम्बन्धमा ।

निर्णयः नगरपालिका परिसरमा आवश्यकता अनुसार ब्लक विछ्याउने/फुटपाथ निर्माण गर्ने /बाटिका लगायत नगरपालिका अगाडिको अधुरो भवन पुरा गर्न लगत इस्टिमेट गरी /गराई कार्य अघि बढाउने र उक्त कार्य सम्पन्न भएपछि भुक्तानी मिल्दो शिर्षकबाट गर्न/गराउने व्यवस्था मिलाउन नगरपालिकालाई जिम्मा दिने र सोको समर्थन आगामी नगरसभाबाट गर्ने/गराउने निर्णय गरियो ।

अखिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. २५:** ग्रेडर/ रोलर प्रयोग शुल्क सम्बन्धमा।

निर्णयः उपभोक्ता समिति वा अन्य फर्म/कम्पनी संस्थाहरूले ग्रेडर/रोलर प्रयोग गर्दा जम्मा गर्नुपर्ने शुल्क कार्य सहजताका लागि धरौटी खातामा प्रयोगको (अनुमानित उपयोग हुने वा हुनसक्ने समयका आधारमा) शुल्क जम्मा गर्ने र कार्य सम्पन्न भएपछि उक्त कार्यमा खटिने कर्मचारीको प्रतिवेदनका आधारमा राजश्व शाखाबाट शुल्क यकिन गरी सकेपछि सो बराबरको राजश्व सञ्चित कोषमा दाखिला गर्ने/गराउने बचत हुन आएमा प्रतिवेदनका आधारमा बाँकी रकम सम्बन्धित समिति/फर्म/कम्पनी/संस्थालाई फिर्ता दिने निर्णय गरियो।

**प्रस्ताव नं. २६:** शुल्क असुली सम्बन्धमा।

निर्णयः ऐलानी, डिही वा अव्यवस्थित रूपमा लामो समयदेखि (१० बर्ष अघिदेखि) बसोबास रहेको र विगतमा निरन्तर रूपमा गा.वि.स. वा वडा कार्यालयबाट सेवा शुल्क दस्तुर असुल/अन्य निकायमा सिफारिस गरिएको यकिन आधार/प्रमाण पेश भएकाको हकमा प्रचलित कानूनले ठहरे बमोजिम हुने शर्तमा सुविधा र सहजताका आधारमा विविध शिर्षक वा मिल्दो शिर्षकमा आ.ब. २०७६/०७७ को पाँचौ नगरसभाबाट पारित आर्थिक ऐनको अनुसूची ३ सँग सम्बन्धित क मा उल्लेख गरिएको शिर्षक र दरहरूलाई अन्य राजश्व (घरजग्गा उपयोग गरे बापत) शिर्षक कायम गरी राजश्व असुल गर्ने र सो प्रयोजनका लागि Software मा Feature कायम गर्न Software कम्पनीलाई लेखी पठाउने साथै सुविधा र सहजताका आधारमा असुली गरिएको शुल्क कै आधारमा स्वामित्व कायम भएको नमानिने निर्णय गरियो।

**प्रस्ताव नं. २७:** ने.रा. आ.व. मोर्मीको अत्यावश्यकीय कार्यहरू Roof cover / Stair cover/ Ramp/ झ्याल/ ढोका/ पल्ला/ विद्युत लगायतका कार्यहरू सम्बन्धमा।

निर्णयः ठेक्का प्रक्रिया मार्फत निर्माणाधीन ने.रा. आ.वि. मोर्मीको दुईकोठे भवनको ठेक्का प्रक्रियामा बचत हुन आएको रकमबाट कार्यहरू Roof cover / Stair cover/Ramp/ झ्याल/ढोका /पल्ला/विद्युत लगायतका कार्यहरू प्रतिस्पर्धाका आधारमा गराउन भवन उपशाखालाई जिम्मा दिने।

**प्रस्तावन नं. २८:** रोलर मर्मत सम्बन्धमा।

निर्णयः उपभोक्ता समिति/संस्था/फर्म/कम्पनीहरूले अधिक रूपमा प्रयोग गर्ने र अधिक माग हुने रोलरको मर्मत शिघ्र गराई चालु अवस्थामा राख्ने र मर्मतको भुक्तानी मिल्दो शिर्षकबाट गर्ने र सोको अनुमोदन आगामी नगरसभाबाट गर्ने।

**प्रस्ताव नं. २९:** लागत सहभागिता (५०:५०, ६०:४०, ७०:३०) का योजना सम्बन्धमा।

निर्णयः १५ दिने सार्वजनिक सूचना मार्फत लागत सहभागिता (५०:५०, ६०:४०, ७०:३०) का लागि परेका निवेदनहरूको हकमा कम्तीमा १ वडा १ योजना तथा आवश्यकता आधारमा माग रकम उल्लेख भई पेश भएको वा औचित्यताका आधारमा माग रकम उल्लेख नभएतापनि बजेट सिमाभित्र रही देहायका योजनाहरू सञ्चालन गर्न २०७७ माघ मसान्त भित्र समिति गठन र लागत सहभागिताको रकम समितिको बैंक खातामा जम्मा गरी सम्झौता गर्न आएमा सम्झौता गरी कार्य अघि बढाउने। उक्त समयावधि भित्र नआए निवेदन पेश गरेका वैकल्पिक योजनाहरू सञ्चालन गर्ने।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

# लागत सहभागिता आयोजना/कार्यक्रमहरूको विवरण

रकम रू. हजारमा

| क्र.स. | आयोजना/कार्यक्रमको विवरण | माग गर्ने संख्या/समूह | ठेगाना | संख्या | लागत सहभागिता | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | न.पा. | समूह | |
| **पूर्वाधार विकास तर्फको ५०/५० लागत सहभागिता** | | | | | | | |
| १ | सिचाई कुलो टिक्कर डाँडा | जुरपानी सा. वन उप. समूह | वडा नं. १ टिक्कर | | २५० | २५० | ५०० |
| २ | कुलो संरक्षण टिक्कर चौपारी | जुरपानी सा. वन उप. समूह | वडा नं. १ टिक्कर | | ३०० | ३०० | ६०० |
| ३ | कुलो संरक्षण जुठे थारूको घरनिर | कुन्द्रा सा. वन. उप. समूह | वडा नं. १ टिक्कर | - | ५०० | ५०० | १००० |
| ४ | पिकनिक स्पोर्ट भवन | कुन्द्रा सा.वन उप. समूह | वडा नं. १ टिक्कर | - | ५०० | ५०० | १००० |
| ५ | विरपुर अधुरो कुलो निर्माण | जनकल्याण सा.वन.उप. समुह | वडा नं. १ बीरपुर | - | १५०० | १५०० | ३००० |
| ६ | वीरपुर दुर्गा मन्दिर पोखरी मर्मत | जनकल्याण सा.वन.उप. समुह | वडा नं. १ बीरपुर | - | ५०० | ५०० | १००० |
| ७ | वीरपुर खेलमैदान मर्मत | जनकल्याण सा.वन.उप. समूह | वडा नं. १ बीरपुर | - | ५०० | ५०० | १००० |
| ८ | तारकेश्वरधाम सौन्दर्यीकरण | हरिओम सा.वन.उप. समूह | वडा नं. १पत्थरकोट | - | ६०० | ६०० | १२०० |
| ९ | कृषि सिचाई कुलो | हरिओम सा.वन.उप. समूह | वडा नं. १पत्थरकोट | - | ६०० | ६०० | १२०० |
| १० | सडक स्तरोउन्नति बसन्तपुर | बसन्तपुर सा.वन.उप. समूह | वडा नं. १ बसन्तपुर | - | २५० | २५० | ५०० |
| | | | **जम्मा** | | **५५००** | **५५००** | **११०००** |
| **पूर्वाधार विकास तर्फको ६०/४० लागत सहभागिता** | | | | | | | |
| १ | सिचाई कुलो टिक्कर गाउ पछाडि | जुरपानी सा. वन उप. समूह | वडा नं. १ टिक्कर | - | ९०० | ६०० | १५०० |
| २ | सौर्य सडक बत्ती | रामलक्ष्मण सा.वन.उप. समूह | वडा नं. ३ रनगाई | ५ | ३०० | २०० | ५०० |
| ३ | पार्क निर्माण | कुन्द्रा सा. वन. उप. समूह | वडा नं. १ टिक्कर | - | ९०० | ६०० | १५०० |
| ४ | जुरपानी कुलोमा ओभरफलो निर्माण | कुन्द्रा सा.वन उप. समूह | वडा नं. १ टिक्कर | - | ६०० | ४०० | १००० |
| ५ | वडा नं. २ वडा कार्यालयदेखि पूर्व जाने सडक निर्माण | त्रिशुली सा.वन.उप.समूह | वडा नं. २ गोरूसिगें | - | १२०० | ८०० | २००० |
| ६ | सौर्य सडक बत्ती | वनशक्ति सा.वन. उप. समूह | वडा नं. ४ | ५ | ३०० | २०० | ५०० |
| ७ | सौर्य सडक बत्ती | बसन्तपुर सा.वन.उप.समूह | वडा नं. १ बसन्तपुर | ४ | २४० | १६० | ४०० |
| ८ | गब्दहवा गाउँको सडक कालोपत्रे | बुद्धयशोधरा सा.वन.उप.समूह | वडा नं. ९ गब्दहवा | - | १८०० | १२०० | ३००० |
| ९ | सेमरहनादेखि शिवपुराजाने सडक र सेमरहना देखि पूर्व जाने सडक स्तरोउनति | गौतमबुद्ध सा.वन.उप.समूह | वडा नं. ६ | - | ४२० | २८० | ७०० |
| | | | **जम्मा** | **१४** | **६६६०** | **४४४०** | **१११००** |
| **पूर्वाधार विकास तर्फको ७०/३० लागत सहभागिता** | | | | | | | |
| १ | सौर्य सडक बत्ती | जुरपानी सा.वन.उप.समूह | वडा नं. १ टिक्कर | ३ | २१० | ९० | ३०० |
| २ | सडक स्तरोउन्नति | जय आदर्श सा.वन.समूह | वडा नं. ४ | - | ७०० | ३०० | १००० |
| ३ | पार्क निर्माण | आदर्श सा.वन.उप.समूह | वडा नं. ९ | - | ३५० | १५० | ५०० |
| ४ | सडक स्तरोउन्नति | पृथ्वी सा.वन.उप. समूह | वडा नं. ४ | - | ३५० | १५० | ५०० |
| ५ | पक्रेहटा गाउँको पूर्व चिस्यान केन्द्र जाने सडक स्तरोउन्नति | राज एग्रो ट्रेड प्रा.लि. | वडा नं. ५ | - | ३५० | १५० | ५०० |
| ६ | अधुरो महिला भवन | महिला समूह | वडा नं. ४ | - | ३५० | १५० | ५०० |
| | | | **जम्मा** | **३** | **२३१०** | **९९०** | **३३००** |
| | **कुल जम्मा** | | | १७ | **१४४७०** | **१०९३०** | **२५४००** |
| | | **बैकल्पिक योजनाहरू:** | | | | | |
| १ | सडकस्तर उन्नति (राधेश्यामको घरहुँदै पश्चिम बल बहादुर सेनको घर) | गँरासटोल समाजसेवी | वडा नं. ९ | ७०/३० | ७०० | ३०० | १००० |
| २ | सोलर बत्ती | हरिओम सा.व. उ. समूह | वडा नं. १ | ५०/५० | ४०० | ४०० | ८०० |
| ३ | सोलर बत्ती | बुद्ध यशोधरा सा.व.उ.समूह | वडा नं. ९ | ५०/५० | ५०० | ५०० | १००० |
| ४ | पक्की कुलो निर्माण बगिया | रामलक्ष्मण सा.व.उ. समूह | वडा नं. ३ | ५०/५० | ५०० | ५०० | १००० |
| ५ | सामुदायिक वनको भवन चम्पापुर | चम्पापुर सा.व.उ.समूह | वडा नं. ९ | ६०/४० | ६०० | ४०० | १००० |

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३०: उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने सम्बन्धा।**

**निर्णय :** यस नगरपालिकाको सातौ नगरसभाबाट स्वीकृत भएको सिचाई तर्फको तपसिल योजनामा जनसहभागिता जुटाई प्रभावकारी रूपमा सम्पन्न गर्नुपर्ने भएको हुँदा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो।

**तपसिल:**

१. भरई खोला सिचाई कुलो मर्मत बुद्धभूमि न.पा. वडा नं. ३ रू. ३५,००,०००।-

२. महेन्द्रकोट सिचाई प्रणाली अन्तर्गत (बसन्तपुर-झगडहवा-पर्वतिनिया-फच्कैया-पर्वतिनिया-भेलाई-टिक्कर-वनवा चफेला) कुलो निर्माण बुद्धभूमि रू. ३५,००,०००।-

**प्रस्ताव नं. ३१:** सिफारिस सम्बन्धमा।

निर्णयः वडा नं. २ को वडहरामा साविक व्यांडमिन्टन कोट क्षेत्रमा कवर्ड हल निर्माण गर्न सिफारिस गरिदिन लेखि आएकोमा स्वामित्व नेपाल सरकारमा नै रहने गरी नियमानुसार मिल्ने भए निर्माणका लागि प्रदेश मन्त्रालयलाई लेखी पठाउने।

**प्रस्ताव नं. ३२ : दाउरा व्यवस्थापन सम्बन्धमा।**

निर्णय : यस बर्षपनि विगत जस्तै शितलहर हुने सम्भावना भएकोले सोको व्यवस्थापनको लागि दाउरा खरिद गरी ढुवानी व्यवस्था समेत मिलाई गाउँ/बस्तीको चोक चोक चौराहमा पु-याउनको लागि नगरपालिको विपत व्यवस्थापन शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३३:** निर्माणधीन भू.पू. सैनिक भवनलाई बजेट सम्बन्धमा।

निर्णयः वडा नं. २ को गोरूसिगेंमा निर्माणाधीन भवनलाई बाँकी कार्यहरू प्रतिवेदन र मुल्यांकन पेश गर्ने गरी गर्नका लागि ३ लाख बजेट व्यवस्था मिल्दो शिर्षकबाट गर्ने र सोको अनुमोदन आगामी नगरसभाबाट गर्ने।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख